ओमानमाथि नेपालको शानदार जित

मिसन संवाददाता
काठमाडौं, २७ असोज

करण केसीको विस्फोटक ब्याटिङ र नेपाली बलरहरूको उत्कृष्ट प्रदर्शनमा नेपालले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गत ओमानलाई ११३ रनले पराजित गरेको छ। ओमानको अल अमिरात क्रिकेट मैदानमा मंगलबार भएको खेलमा नेपालले दिएको २६४ रनको लक्ष्य पछ्याएको घोरलु टोली ४० ओभरमा १५० रनमै अलआउट भयो। जितसँगै नेपालले लिग-२ को अंकतालिकामा महत्वपूर्ण दुई अंक जोडेको छ।

पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २६३ रन बनाएको थियो। खराब सुरुवात गरेको नेपालका लागि कप्तान रोहित पौडेलले अर्धशतकीय इनिङ खेले भने करणले अन्तिमतिर आक्रामक ब्याटिङ गर्दै टोलीको स्कोर उकासे। नेपालले १७ रन बनाउँदा ओपनर आसिफ शेखलाई गुमाएको थियो। आसिफ १५ बलमा ४ रन बनाएर आउट भए। त्यसपछि अर्जुन कुमाल र इशान पाण्डेले दोस्रो विकेटका लागि ६४ रनको साझेदारी गर्दै नेपालको इनिङ सम्हाले।

इशान ५५ बलमा ४ चौकासहित ३७ रन बनाएर आउट भए। अर्जुनले ५९ बलमा ४ चौकाको मद्दतमा ४० रन जोडे। नेपालले ८३ रनमा तेस्रो विकेट गुमाएको थियो। त्यसपछि रोहित र बसिर अहमदले चौथो विकेटका लागि ८६ रनको महत्वपूर्ण साझेदारी गरे। रोहितले ६७ बलमा ३ चौका र एक छक्कासहित सर्वाधिक ६१ रन बनाए। बसिरले ५० बलमा ३ चौकाको मद्दतमा ३७ रनको योगदान दिए।

रोहित १९१ रनको अवस्थामा पाँचौं विकेटका रूपमा आउट भएपछि नेपालले लगातार विकेट गुमायो। दीपेन्द्रसिंह ऐरीले १७ बलमा २२ र सुन्दीप जोरालले १२ बलमा १० रन बनाए। अन्तिमतिर करण केसीले आक्रामक ब्याटिङ गरेपछि नेपालले प्रतिस्पर्धात्मक योगफल तयार पार्न सफल भयो। उनले केवल १६ बलमा एक चौका र चार छक्कासहित ४० रन बनाए। २५० को स्ट्राइक रेटमा खेलेका करणले अन्तिम ओभरहरूमा ओमानका बलरमाथि दबाब सिर्जना गरे। नन्दन यादव ९ बलमा एक चौकासहित ७ रन बनाएर अविजित रहे। ओमानका शाह फैसल, शाकिल अहमद र करण सोनावालेले समान दुई विकेट लिए।

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

KL DUGAR GROUP
ज्ञान मसाला
खानामा ज्ञान मसालाको
मसालेदार Twist
ज्ञान पाए ज्ञान नै टोज्नो।
HALDI POWDER
DHANIA POWDER
RED CHILLI POWDER
JEERA POWDER
AMCHUR POWDER

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७२/०८/१७ मा दर्ता भएको प्रा.लि.नं. १४२२२१ को नेपाल स्पोर्टस कलेज प्रा.लि. नामक कम्पनीले दफा ११६क विशेष दर्ता खारेजी गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग कुन लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि सो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी खारेज गरिएको १ दिने सूचना

यस कार्यालयमा मिति २०८१/०७/२८ मा दर्ता भएको प्रा.लि.नं. ३५५२५५ को एन्जल्स आई प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन भएको सूचना
प्रथम पटक प्रकाशित मिति २०८३/०६/२८

यस कम्पनीको मिति २०८३/०५/१२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविक कम्पनी अल्का स्लोवल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि.नं. २४४२६७) को नाममा रहेको समुपर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२५ गते को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी अल्का स्लोवल कन्स्ट्रक्सन एण्ड हाउजिङ प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०४४/०५/३० मा दर्ता भएको प्रा.लि.नं. १७५२९० को आकाश कन्स्ट्रक्सन प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

(वातावरण नियमावली २०७७ को नियम ७ को उपनियम (३) सँग सम्बन्धित)
वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनीक सूचना

प्रकाशित मिति:२०८२/०६/२८

लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला सन्धिखर्क नगरपालिका बाँगी खोला मथुरा संगम, जरे, मथुरासंगम छवदेव साइट समेत बाट ढुंगा गिट्टी बालुवा ग्रावेल उत्खनन, संकलन तथा बिक्री वितरण गर्न सन्धिखर्क नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालय सन्धिखर्क अर्घाखाँची फोन०७७-४२०११२, ४२०६६२ sandhikharkamunicipality@gmail.com URL:http// www. sandhikharkamun.gov.np
प्रस्तावको व्यहोरा	सन्धिखर्क नगरपालिकाको बाँगी खोला मथुरा संगम जरे , मथुरा छवदेव साइट समेतबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्ने र नगरक्षेत्र भित्र हुने निर्माण सम्बन्धी कार्यमा आवश्यक सहजीकरण गर्नु र नगरपालिकाको आन्तरीक आम्दानी समेत वृद्धि गर्नु यसको विशेषता रहेको छ।
प्रभाव पर्न सक्ने जिल्ला /न.पा /गाउँपालिका	सन्धिखर्क नगरपालिका, छवदेव गाउँपालिका र पाणिनी गाउँपालिका केही स्थान समेत रहेका छन्।

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीविच के कस्तो प्रभाव पर्दछ भनी वैज्ञिन गर्न सो स्थानको सन्धिखर्क नगरपालिका क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनीक सूचना प्रकाशन मितिले ७ (सात) दिनभित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन निम्न ठेगानमा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध छ गरिन्छ।राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

प्रस्तावकको नाम र ठेगाना	सन्धिखर्क नगरपालिका सन्धिखर्क नगरकार्य नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क अर्घाखाँची। (०७७ ४२०११२, ४२०६६२) Email sandhikharkamunicipality@gmail.com URL:http// www. sandhikharkamun.gov.np
परामर्शदाताको नाम र ठेगाना श्री लुम्बिनी सामाजिक विकास केन्द्र सन्धिखर्क-१ अर्घाखाँची।	Mobile No.9857061441 E-mail: lumbinisdc@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

वेदकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

आन्तरिक आयको ठेक्का सम्बन्धि सूचना

वेदकोट नगरपालिका,वडा नं. ३ र ४ छेला (साजगाड) खोला, वडा नं. ४ बगुन खोला, वडा नं.५, ६ र ७ घुर्सुवा, मुसेपानी गाउजी खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन

प्रथम पटक प्रकाशित मिति - २०८३।०६।२८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस वेदकोट नगरपालिकाको आर्थिक ऐन २०८३ को दफा १४, अनुसूची ११ (१) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८३।०८४ को तोकेको अवधिका लागि वेदकोट नगरपालिका वडा नं. ३,४, ५,६ र ७ का तोकिएका नदि तथा घाटहरू बाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरि यस नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२।८३ को कर चुक्ता प्रमाण पत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश तथा कर चुक्ता म्याद थप सम्बन्धि प्रमाण, कानूनी रूपमा योग्य रहेको घोषणापत्र, अख्तियारीनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधिनमा रहि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

वेदकोट नगरपालिकाको देहाय बमोजिमको ठेक्काको लागि मिति २०८३।०७ ।१७ का दिन सबै योग्य बोलपत्रदाताहरूको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। २०८३।०७ ।१७ गते कार्यालय समय भित्र बोलपत्र खरिद गरि मिति २०८३।०७ ।१८ गते दिनको १२ बजे भित्र बोलपत्र दर्ता गरि सक्नु पर्नेछ र बोलपत्र खोल्ने मिति २०८३।०७ ।१८ गते दिनको १:०० बजे कायम गरिएको छ। विधुतीय खरिद प्रणालीमा समस्या भई मर्मत सम्भार र सुधार कार्य भई रहेको सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना अनुसार बोलपत्र सम्बन्धि कारवाही ज्वचम ऋयउथ का माध्यम बाट मात्र हुनेछ।

देहाय

आन्तरिक आय ठेक्का नं.	आन्तरिक आय ठेक्काको नाम	उत्खनन हुने अनुमानित परिमाण (घन मिटर)	न्युनतम दररेट प्रति घ. मि. (मू. अ. कर बाहेक)	न्यूनतम ठेक्का अंक रु (मू. अ. कर बाहेक)	बोलपत्र दस्तुर रु.
११/आ.आ./२०८३/०८४	वेदकोट नगरपालिका,वडा नं. ३ र ४ छेला (साजगाड) खोला, वडा नं. ४ बगुन खोला, वडा नं.५, ६ र ७ घुर्सुवा, मुसेपानी गाउजी खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	१,१५,००२।२७	रु.२११।८९ (दुई सय एघार रूपैयाँ उनानब्बे पैसा)	रु २,४३,६७,८३०। ९९ (रु दुइ करोड त्रिचालिस लाख सत्सठी हजार आठ सय तिस रूपैया उनान्सय पैसा मात्र)	रु. ३०००/००

बोलपत्र सम्बन्धि बिस्तृत सूचना जानकारीका लागि यस कार्यालयको website: www.bedkotmun.gov.np मा हेर्नुहुन वा यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

विजयादशमी, शुभ दीपावली एवं छठ पर्व २०८३ सालको पावन अवसरमा सम्पूर्ण अभिभावक, शिक्षक तथा कर्मचारी, विद्यार्थी एवम् शुभचिन्तकहरूमा सु-स्वास्थ्य दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
जीवन ज्योती सेकेन्डरी स्कुल
कोहलपुर- १०, रामनगर (बाँके)

मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक: बिनोद पौडेल। कार्यालय: कोहलपुर बाँके। नयाँ बानेश्वर, काठमाडौं। फोन: ९८५१३१९६६९, ९८५८०२३०६९, ९८५१४०६५६९
इमेल: missiontodaydaily@gmail.com। विज्ञापनका लागि इमेल: adv.marketingmission@gmail.com। मुद्रण: मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)। नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर।